# कार्यपालिकाको बैठकमा पेश भएका प्रस्ताव र निर्णयहरु

मिति:२०८१ श्रावण २७ गते बैठक संख्या : ११५ औं

**प्रस्तावहरु:**

१. तपसिल बमोजिमका कार्यविधी पारित गर्ने सम्वन्धमा ।

क) गोदावरी नगर शिक्षा पुरस्कार तथा सिकाइ उपलब्धी पुरस्कार सम्वन्धी कार्यविधि, २०८१

ख) विषय शिक्षक संयोजक कार्यविधि, २०८१

२. तपसिल बमोजिमका कार्यविधी संसोधन गर्ने सम्वन्धमा ।

क) शिक्षक व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७८ (तेस्रो संशोधन)

३. मूल्याङ्कन समिति गठन सम्वन्धमा ।

४. खरिद इकाई गठन सम्वन्धमा ।

५. ठेक्कापट्टाको अवधी सम्वन्धमा ।

६. नगर दररेट सम्बन्धमा ।

७. कृषि तथा पशुजन्य वस्तुको निकासी ठेक्का वदर गर्ने सम्वन्धमा ।

८. स्थानीय विदा सम्वन्धमा ।

९. वारेसनामा सम्वन्धमा ।

१०. छाडा पशु व्यवस्थापक राख्ने सम्वन्धमा ।

**निर्णय नं. १:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ र प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी तपसिल वमोजिमको कार्यविधि पारित गर्ने निर्णय गरियो ।

**तपसिल**

क) गोदावरी नगर शिक्षा पुरस्कार तथा सिकाइ उपलब्धी पुरस्कार सम्वन्धी कार्यविधि, २०८१

ख) विषय शिक्षक संयोजक कार्यविधि, २०८१

**निर्णय नं. २:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ र प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी तपसिल वमोजिमको कार्यविधि संसोधन गर्ने निर्णय गरियो ।

**तपसिल**

क) शिक्षक व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७८ (तेस्रो संशोधन)

**निर्णय नं. ३:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७१(१) अनुसार पुर्व योग्यताको प्रस्ताव, वोलपत्र, परामर्श सेवाको आशयपत्र वा प्रस्ताव वा सिलवन्दी दरभाउपत्र परिक्षण र मूल्याङ्कन गर्न सार्वजनिक

Scanned with CamScanner

Scanned with CamScanner

निकायले तोकिए बमोजिमको मूल्याङ्कन समिति गठन गर्नुपर्ने ब्यवस्था वमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७(१) अनुसार तपसिल बमोजिमको मूल्याङ्कन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

क) श्री हरिदत्त भट्ट (प्रमुख प्रशासकीय अधिकृत) _ अध्यक्ष

ख) श्री शिवराज भाट (प्रशासकीय अधिकृत) _ सदस्य

ग) श्री महाजित साउद (योजना अधिकृत) _ सदस्य

घ) श्री दिल बहादुर सिंह (आर्थिक प्रशासन शाखा प्रमुख) _ सदस्य

ङ) श्री पूर्ण कुँवर (ईन्जिनियर) _ सदस्य सचिव

**निर्णय नं. ४:**

सार्वजनिक खरिद सम्बन्धी कार्यलाई पारदर्शी, बस्तुनिष्ठ एवं विश्वसनीय वनाउन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७(३) मा खरिद सम्वन्धी कार्यबोझ र कार्य प्रकृतीको आधारमा छुट्टै महाशाखा, शाखा वा इकाईको स्थापना गरि खरिद अधिकारी तोक्नु पर्ने ब्यवस्था रहेकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १६(१) अनुसार तपसिल बमोजिम सदस्य रहने गरि खरिद इकाई गठन गर्ने निर्णय गरियो ।

तपसिल

क) श्री पुर्ण कुँवर (ईन्जिनियर) _ संयोजक

ख) श्री गणेश राज पन्नेरु (जिन्सी शाखा प्रमुख) _ सदस्य

ग) श्री विरेन्द्र अधिकारी _ सदस्य

**निर्णय नं. ५:**

गोदावरी नगरपालिका क्षेत्रभित्रका गत विगतमा यस कार्यालयसँग सम्झौता भई संचालनमा रहेका योजनाहरु विविध कारणले लामो समय देखी पटक पटक म्याद थप गरि २०८१ असाढ मसान्तसम्म काम सम्पन्न गर्ने गरि म्याद थप भएकोमा तोकिएको समय सीमा भित्र काम सम्पन्न गर्न नसक्ने योजनाहरु सञ्चालन गर्ने ठेकेदार कम्पनीहरुलाई नियमानुसार कारवाहीको प्रक्रिया अगाडी बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:**

आ.व. २०८१/८२ का लागि कैलाली जिल्लाको स्वीकृत जिल्ला दररेटलाई नै गोदावरी नगरपालिकाको आ.व. २०८१/८२ स्थानीय दररेटको रुपमा स्विकृत गर्ने निर्णय गरियो

Scanned with CamScanner

Scanned with CamScanner

**निर्णय नं. ७:**

यस नगरपालिकाको आ.व. ०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि तथा पशुजन्य वस्तुको निकासी करको ठेक्का न्यूनतम रकम रु. २ (दुई) लाख (मु.अ. कर बाहेक) मा लगाउन मिति २०८१ असाढ १५ गते र पुनः २०८१ असाढ २६ गतेमा सूचना प्रकाशित गरि श्री सोनी कन्स्ट्रक्सन, कृष्णपुर २ कञ्चनपुरसँग रु. १० (दश) लाख (मु.अ. कर बाहेक) मा सम्झौता भई कार्य अगाडी बढीरहेकोमा गोदावरी नगरपालिका कुखुरा व्यवसायी संघ, कञ्चनपुर जिल्ला कुखुरा व्यवसायी संघ, जनसामुदायिक पशु तथा विकास केन्द्र नेपाल र जनस्तरबाट समेत जनगुनासो आएकोले श्री सोनी कन्स्ट्रक्सन, कृष्णपुर २ कञ्चनपुरसँग भएको सम्झौता बदर गरि ठेक्का रद्द गर्नका लागि मिति २०८१ साल श्रावण २४ गते बसेको स्थानीय राजश्व परामर्श समितिबाट सिफारिस भई आएनुसार ठेक्का रद्द गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

यही मिति २०८१/०५/०९ गते सुदूरपश्चिम प्रदेशमा मनाईने गौरा पर्वको अवसरमा आ.व. ०८१/८२ को १३ औं नगरसभाबाट लिइएको नीति अनुरुप गोदावरी नगरपालिका क्षेत्र भित्रका सरकारी कार्यालय, स्वास्थ्य संघसंस्था र विद्यालयहरुमा १ (एक) दिन स्थानीय विदा दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

सम्मानित सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत लगाएतका न्यायिक तथा अर्ध न्यायिक निकायहरुमा गोदावरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, नगरपालिकाका नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा कार्यालय, वडा अध्यक्ष र शाखा प्रमुख विरुद्ध पर्ने यस अघि विचाराधिन तथा चालु सहित विभिन्न रिट र विभिन्न मुद्दाहरुमा सम्मानित अदालतहरुमा उपस्थित भई लिखित जवाफ पेश गर्न, तारेखमा रुजु हाजिर रहन, मुद्दाको तहकिकात गर्न पाउन, मुद्दामा प्रतिनिधी समेत खटाउन पाउने गरी उक्त पक्षका हैसियतबाट गर्नुपर्ने सम्पूर्ण कार्य गर्न यस कार्यालयका रोजगार संयोजक श्री रोहित प्रसाद जोशीलाई अख्तियारी प्रदान गरी वारेस नियुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

यस नगरपालिका क्षेत्र भित्र जथाभावी छाडिने पशु चौपायाले सडक एव सार्वजनिक स्थलमा पुर्याईरहेको अवरोध नियन्त्रण गर्न, किसानहरुको कृषी बालीको नोक्सानी तथा क्षती नियन्त्रण गर्न, यातायातका साधन तथा सर्वसाधारणको आवागमनमा अवरोध पुर्याई हुनसक्ने दुर्घटनालाई रोक्न र छाडा पशु चौपायाहरुबाट हुनसक्ने विभिन्न अवरोधलाई नियन्त्रण गरी व्यवस्थापन गर्न गोदावरी नगरपालिकाको वडा नं. ७ गोलादेउ सामुदायिक वन भित्र श्रीलंका टोलमा निर्माण गरिएको गौशालामा पशुचौपायाहरुको व्यवस्थापनका लागि मिति २०८१ भाद्र १ गतेबाट चालु आ.व. ०८१/८२ को वार्षिक बजेट तथा कार्यक्रम पुस्तिकाको अनुसूची ६ को वार्षिक विकास कार्यक्रमको चालु खर्च तर्फको सि.नं. २९ को छाडा चौपाया व्यवस्थापन शिर्षकबाट दायित्व व्यहोर्ने गरि मासिक रु. १५,०००/- (पन्ध्र हजार) पारिश्रमिक पाउने गरि १ (एक) जना पशुचौपाया व्यवस्थापक राख्ने निर्णय गरियो ।

Scanned with CamScanner

Scanned with CamScanner